ओमसतिया गाँउपालिका

Omsatiya Rural Municipal

गाँउ कार्यपालिकाको कार्यालय, हाटीफर्साटिकर,रुपन्देही

Rural Municipal Executive Office, Hatipharsatikar, Rupandehi

पत्र संख्या: ०७७/७८

चलानी नः १६८३

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

मिति: २०७७/११/२१

**विषय: अन्तरक्रिया कार्यक्रममा सहभागी हुने सम्वन्धमा ।**

**जो जस संग सम्वन्धित छ ।**

प्रस्तुत विषयमा रुपन्देही उद्योग संघको आयोजनामा ओमसतिया गाँउपालिकामा सञ्चालन भएका औद्योगिक गतिविधिहरु सम्वन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन हुने भएकोले यस गाँउपालिकामा रहेका सम्पुर्ण उधोगी व्यवसायीहरुलाई तपसिल अनुसारको मिति, समय र स्थानमा उपस्थितिको लागि सादर अनुरोध छ ।

**तपसिल:**

**मिति: २०७७ फागुन २५ गते**
**समय: दिउँसो १:०० बजे**
**स्थान: ओमसतिया गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, हाटीफर्सासटिकर, रुपन्देही ।**

०७७/११/२१

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रूपन्देही उद्योग संघ
Rupandehi Chamber of Industries
Butwal-4, Rupandehi Dist, Lumbini Zone, Nepal
Tel. No. +977 71 540046, 546045, Fax: 071-541966
E-Mail: rci.btl@gmail.com/URL:www.rcibutwal.com

च.नं. ६७,०७७/०७८

मिति: २०७७/११/९

श्रीमान् कार्यालय प्रमुखज्यू
ओम सतिया गाउँपालिका, रुपन्देही ।

## विषयः अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा ।

महोदय,

उद्योग र उद्योगीको हकहित संरक्षण, सम्वर्द्धन र औद्योगिक विकासको प्रमुख लक्ष्य सहित वि.सं.२०३५ सालमा स्थापित रुपन्देही उद्योग संघ यस क्षेत्र र समग्र देशकै औद्योगिक विकासका लागि अनवरत ढंगबाट क्रियाशिल रहँदै आएको यहाँलाई विदितै छ । संघमा हाल ११०० उद्योगीहरु प्रत्यक्ष रुपमा सदस्य रहेका छन् भने वस्तुगत संघहरु मार्फत करीब २५०० उद्योगहरु संघमा समाहित छन् ।

संघले औद्योगिक विकासका लागि आवश्यक पर्ने गोष्ठी, सेमिनार, तालिम, अन्तरर्क्रिया र बहस जस्ता कार्यक्रमहरु आयोजना गरी निरन्तर आफ्ना गतिविधिलाई अघि बढाउँदै आएको छ । संघले वि.सं.२०४५ सालमा राजधानी बाहिर प्रथम पटक राष्ट्रिय औद्योगिक प्रदर्शनीको आयोजना गरी गौरवपूर्ण इतिहास समेत कायम गरिसकेको छ ।

कोभिड १९ का कारण श्रृजना भएको हालको विश्वव्यापी असरले नेपालको उद्योग क्षेत्र पनि गम्भिर संकटमा परेको छ । लामो समयको लक डाउनले प्रभावित उद्योगहरु अझैसम्म पनि लयमा आउन सकिरहेका छैनन् । रुपन्देही जिल्लामा मात्रै सयौं उद्योगहरु हालसम्म पनि बन्द अवस्थामा रहेका छन् भने कतिपय उद्योगहरु सधैंका लागि बन्द समेत भइसकेका छन् । क्षमताको ५० प्रतिशत मात्रै उत्पादन गरिरहेका उद्योगहरु बजार र अस्वस्थ प्रतिस्पर्धाका कारण थप संकट ग्रस्त बन्दै गएका छन् । यस विषम परिस्थिति नेपाली उद्योगीहरुका लागि चूनौतीपूर्ण रहेको छ ।

कोभिड १९ को प्रभावले उद्योग क्षेत्र सँगसँगै राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव देखिएको छ । यस्तो संकटको अव हामी जुटेर सामना गर्नुपर्ने समय आएको छ । तिनै तहका सरकारहरु, राज्यका सबै निकाय र निजी क्षेत्रले कटिवद्ध रही हातेमालो गर्दै औद्योगिक विकास र संमृद्धिका लागि सहकार्य गर्नुपर्ने शर्त अनिवार्य बनेको छ । अब पनि हामी चनाखो बन्दै बिषम परिस्थितिको सामना गर्न सकिएन भने पछुताउनुपर्ने समय अवश्य आउनेछ । यसै शिलशिलामा रुपन्देही उद्योग संघ जिल्ला स्तरको व्यवसायिक संस्था भएका कारण जिल्लाका १६ तहका जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुसँग हातेमालो गर्दै उत्पादन बृद्धि, रोजगारी अभिवृद्धि र आर्थिक उन्नतीका लागि अघि बढ्न कसरी सकिन्छ भन्ने विषयमा छलफल गाउँपालिकाले संचालन गरिरहेको औद्योगिक गतिविधिहरुको विस्तृत जानकारी सहित निम्न मिति, समय र स्थानमा यहाँको गरीमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

## तपशिल

१. औद्योगिक ग्राम स्थापना
२. रोजगारी एवं शिप अभिबृद्धि
३. उद्यमशिलता विकास
४. कृषिको व्यवसायीकरण
५. पर्यटन प्रवर्द्धन
६. रोजगार सूचना केन्द्र स्थापना
७. औद्योगिक विकासका सन्दर्भमा स्थानीय सरकारले तय गरेका नीति तथा कार्यक्रमहरु

## कार्यक्रमः

मितिः २०७७ फागुन २८ गते
समयः दिउँसो १:०० बजे
स्थानः ओम सतिया गाउँपालिकाको कार्यालय

**जिवकान्त काफ्ले**
महासचिव